# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

**खण्ड ६) मुसिकोट,गुल्मी,श्रावण १५ गते,२०७९ साल(संख्या:३**


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९

मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाले बनाएको “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९

मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाले यो “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९ बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९” रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(१) “ऐन” भन्नाले नगर प्रहरी ऐन,२०७५ लाई सम्झनु पर्दछ ।

(२) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(३) “कार्यालय” भन्नाले नगरपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

(४) “समिति” भन्नाले मुसिकोट नगरपालिकाकोयस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(५) “नगर प्रहरी” भन्नाले मुसिकोट नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(६) “भत्ता” भन्नाले मुसिकोट नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

(७) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन भएको मुसिकोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "नगर सभा" भन्नाले नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(११) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१२) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

(१३) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**३. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

मुसिकोट राजपत्र

(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०)छाडा चौपायको नियन्त्रण,

(११)अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२)सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३)सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४)नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५)स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक

चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६)रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७)छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८)खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९)वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०)नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वियन गर्ने ।

(२१)ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२)मुसिकोट नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२३)नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४)नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५)होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६)नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७)नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८)अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९)शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०)दमकल (Fire Brigade)सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(३१)विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२)नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३)नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४)माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५)नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-३
## दरवन्दी सिर्जना र पदपुर्ती सम्बन्धी व्यवस्था

मुसिकोट राजपत्र

**४. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजीसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२)उपदफा १ बमोजिमका दरबन्दी बाहेक थपश्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**५. नगर प्रहरी सेवामा रहने पद :** (१) ऐनको दफा ३ बमोजिमको नगर प्रहरी सेवामा नगर सभाले निर्धारण गरेका देहायका पदहरु रहनेछन ।

(क) नगर प्रहरी सहायक निरीक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

**६.पदपूर्ति :**(१) नगर प्रहरी सेवाका पदहरु करार सेवा मार्फत पदपूर्ति समितिको सिफारिसमा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

(२)उपदफा (१) बमोजिमको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - अध्यक्ष,

(ख) नगर प्रहरी प्रमुख- सदस्य,

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) नगर प्रहरीहरुको पदपूर्तिका लागि छनौट प्रकृयामा नेपाल प्रहरी सेवा/प्रदेश प्रहरी सेवा/नगर प्रहरी सेवाका बाहालवाला वा सेवानिवृत्त व्यक्तिलाई विज्ञको

रुपमा आमन्त्रित गर्न सकिनेछ । विज्ञको रुपमा आमन्त्रीत गरिने व्यक्ति पदपूर्ति गरिने तहभन्दा कम्तिमा एक तह माथिल्लो पद/तहको हुनुपर्नेछ ।

## ७. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :

(१) दफा ६(२) बमोजिमको पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिमा आधारित रहनेछ र आवश्यकता अनुसार पदपूर्ति समितिले परिमार्जन गरी निर्धारण गर्न सक्नेछ ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) परीक्षाको किसिम तोक्ने ।

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(ङ) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(च) नियुक्तीका लागि सिफारिश गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी सूचना प्रकाशित गर्नु पर्नेछ । पहिलो सूचनामा पर्याप्त दरखास्त पेश नभएमा दोब्बर दस्तुर तोकि थप ७ दिनको म्याद राखी पून: सूचना प्रकाशन गरिनेछ ।

मुसिकोट राजपत्र

**८. खुला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :** नगर प्रहरी पदको लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

(१) दरखास्त आब्हान भएको मिति सम्म १८ वर्ष उमेर पुरा भई २८ वर्ष ननाघेको । तर नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिरी देशको सेना तथा प्रहरीबाट अवकाश लिई आएको नेपाली नागरिकको हकमा ४५ बर्ष ननाघेको ।

(२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जवान पदको लागि एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**९. नियुक्ति र अवकास :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि

मुसिकोट राजपत्र

सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा २५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा(१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

(५)नियुक्ति/सम्झौताको लागि सिफारिश भएका उम्मेदवारहरुलाई छ महिनाको करार अवधिको लागि नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा ६/६ महिनामा करार म्याद थप गरिनेछ ।

(६) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(७) कुनै नगरप्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिन सक्नेछ ।

## परिच्छेद-४

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१०. नगरपालिका प्रशासनको नियन्त्रण रहने :** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**११. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :** नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

## परिच्छेद-५
## विदा सम्बन्धी व्यवस्था

**१२. विदा:**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक बिदा (पालो मिलाई बस्नु पर्ने बाहेकमा) बाहेक मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन् । विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी बिद्यमान कानुन बमोजिम हुने छ ।

**१३. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरिनेछ ।

**१४. झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई बिरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

## परिच्छेद-६
## आचरण

**१५. दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले

नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**१६.चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**१७. सम्पत्तिको विवरण दिनुपर्ने :** हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र, नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र र बार्षिक रुपमा नगरपालिकाले तोकिएको कर्मचारी समक्ष सम्पत्तिको विवरण बुझाउनु पर्नेछ ।

**१८. व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न,

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**१९. नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

मुसिकोट राजपत्र

**२०. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**२१.नगरपालिकाको आलोचना गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**२२. निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२३. राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**२४. समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**२५. अनुशासन र आज्ञापालन :**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**२६. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**२७. बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले देवानी मुलुकी (संहिता) ऐन २०७४ बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-७
## सजाय र पुनरावेदन

**२८. सजाय :** उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिसमा नगर प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतले देहाय बमोजिमको सजाय गर्न सकिनेछ :

(क) लिखित चेतावनी दिने ।

(ख) तलब कट्टा गर्ने ।

(ग) प्रहरी कर्मचारीको लापरबाहीको कारण नगरपालिकालाई हानी नोक्सानी भएका त्यसरी नोक्सानी भएको विगो बराबरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै श्रोत वा अन्य श्रोतबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(घ) सेवाबाट बरखास्त गर्ने : नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाय गरि हटाउन सकिनेछ ।

(ङ) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नुभन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ ।

## परिच्छेद-८
## तलब, भत्ता सम्बन्धी व्यवस्था

**२९. तलब भत्ता :**

(१)नगर प्रहरी कर्मचारीले पाउने तलब भत्ता र अन्य सुविधा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउने छन् ।

(२) नगर कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-९
## तालिम

**३०. तालिमको व्यवस्था :**(१)नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन मुसिकोट नगरपालिकाले आधारभुत तालिमका अतिरिक्त समय समयमा पुनर्ताजकी तालिम उपलब्ध गराईनेछ ।

(२) यसरी दिइने तालिमको लागि विज्ञ समूहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालिम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीलृ तोकिए बमोजिमको तालिम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०



मुसिकोट राजपत्र

## पोशाक

**३१. नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । हरेक बर्ष १ सेट पोशाक उपलब्ध गराईनेछ ।

**३२. प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**३३. जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईने छ ।

**३४. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**३५. नगर प्रहरीको पोशाक सट्टा भर्ना:** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद-११
## विविध

**३६. पुरस्कार :**नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

**३७. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

मुसिकोट राजपत्र

**३८. अन्य सुविधा तथा व्यवस्था :**नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३९. उमेरको हद:** यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएको भएतापनि नगर प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भए पछि निजलाई सेवा करारमा निरन्तरता दिईनेछैन ।

**४०. बाधा अड्काउ फुकाऊ :** मुसिकोट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**४१. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्ने :**

(१) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरकार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

**४२. कार्यविधि संशोधन:** यस कार्यविधिमा आवश्यक संशोधन मुसिकोट नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**४३. खारेजी र बचाउ :**(१)मुसिकोट नगरपालिकाको "नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७५" खारेज भएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

मुसिकोट राजपत्र

**प्रमाणिकरण मिति**
२०८०।४।५

**आज्ञाले,**
**विनोद कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**

मुसिकोट राजपत्र